# ईशनाथ नगरपालिका

**Ishnath Municipality**

## नगर कार्यपालिकाको कार्यालय औरैया, रौतहट

**Office of The Municipal Executive, Auraiya, Rautahat**

मधेश प्रदेश, नेपाल

**Madesh Province, Nepal**


प.स.:- ०७९/०८०

चलानी नं.:- ६८६

मिति :- २०७९/१०/२५

ईशनाथ नगरपालिका नगर कार्यपालिकाको कार्यालय औरैया, रौतहट मधेश प्रदेश, नेपाल

विषय :– **खर्च कटौती तथा बजेट रोक्का सम्बन्धमा ।**

**श्री सरोकारबाला (सबै)**

उपर्युक्त सम्बन्धमा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, स्थानीय तह समन्वय शाखाको प. सं. ०७९।०८०, च. नं. ३०५, मिति २०७९।१०।२० को पत्रसाथ अर्थ मन्त्रालयको खर्च कटौती तथा बजेट रोक्का सम्बन्धी परिपत्र यसै साथ संलग्न छ । सो पत्रमा उल्लेख भए बमोजिम २० प्रतिशत खर्च कटौती तथा अन्य शीर्षकमा बजेट रोक्का गर्ने भनि लेखि आएकोले सोही अनुसार सम्बन्धीत सबै सरोकारबालामा जानकारीका लागि अनुरोध छ ।

२०७९/१०/२५

भुदेव झा

प्रमुख प्रशासकीय अधिकृत

(उप-सचिव)

भुदेव झा

प्रमुख प्रशासकीय अधिकृत

नेपाल सरकार

# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

सिंहदरबार, काठमाण्डौं

(स्थानीय तह समन्वय शाखा)

फोन नं.-४२००५११/४२००३०४

पत्र सं.:-२०७९/०८० मिति:- २०७९/१०/२०

चलानी नं.:- ३०५

श्री जिल्ला समन्वय समिति (सबै),

श्री स्थानीय तह (सबै)।

विषय:- खर्च कटौती तथा बजेट रोक्का सम्बन्धमा।

प्रस्तुत विषयमा अर्थ मन्त्रालयको च.नं. ४२१ मिति २०७९/१०/१७ को खर्च कटौती तथा बजेट रोक्का सम्बन्धी पत्र संलग्न छ। विस्तृत व्यहोरा सोही पत्रबाट अवगत गरी पत्रमा उल्लिखित बुँदाहरु पूर्ण रुपमा पालना गरी खर्चमा मितव्ययिता कायम गर्ने/गराउने व्यवस्था हुन निर्णयानुसार अनुरोध छ।

०७९/१०/२०

चिरञ्जीवी नेपाल

शाखा अधिकृत

**बोधार्थ:**

श्री अर्थ मन्त्रालय, सिंहदरबार, काठमाण्डौं।

श्री सूचना तथा प्रविधि शाखा:-Website मा Upload गरिदिनहुन।

नेपाल सरकार
# अर्थ मन्त्रालय

सिंहदरबार, काठमाडौं
नेपाल ।

पत्र संख्या:७९/८०
च. नं.:- ४२१

मितिः २०७९/१०/१७

विषयः खर्च कटौती तथा बजेट रोक्का सम्बन्धमा।

प्रिय सहकारीज्यू,

कोभिड-१९ को प्रभाव, युक्रेन-रसियाको युद्ध तथा अन्य विविध कारणबाट विश्वव्यापी रुपमा आपूर्ति श्रृङ्खलामा परेको प्रतिकुल प्रभाव र बाह्य क्षेत्रमा परेको चाप व्यवस्थापन गर्न केही वस्तुको पैठारीमा गरिएको पूर्ण बन्देजको निर्णय पश्चात् देशभित्रको आर्थिक गतिविधिमा संकुचन हुन गएको समेतका कारण चालु आर्थिक वर्षमा लक्ष्य अनुसार राजस्व असुली नभएको, बजेटरी सहायता समयमा प्राप्त नभएको, राष्ट्रसेवकको तलब, निवृत्तभरण र सामाजिक सुरक्षा, रासायनिक मल आपूर्ति र विपद व्यवस्थापनका लागि बढ्न गएको व्ययभार लगायतका कारणले चालु खर्चको भार बढेको, आन्तरिक ऋणको ब्याजदर बढ्नुका साथै नेपाली मुद्रा अमेरिकी डलरसंग कमजोर हुँदा वैदेशिक ऋणको साँवा तथा ब्याज भुक्तानी गर्न विनियोजन गरिएको रकम अपर्याप्त हुन गएकोले नेपाल सरकारको स्रोतमा चाप परेको छ। चालु आर्थिक वर्षको संघीय सञ्चित कोष हाल करिब रु.९० अर्ब ऋणात्मक रहेको छ।

प्रस्तुत सन्दर्भमा खर्चलाई पुनःप्राथमिकीकरण गरी राष्ट्रिय गौरव र रुपान्तरणकारी आयोजना तथा रोजगारी श्रृजनामा महत्वपूर्ण योगदान गर्ने आयोजना तथा कार्यक्रम लगायतका अत्यावश्यक कार्यका लागि स्रोतको व्यवस्थापन गर्न आवश्यक देखिएको छ। चालु आर्थिक वर्षमा राजस्व संकलन कम हुँदा प्रदेश तथा स्थानीय तहको अनिवार्य दायित्वको व्यवस्थापन गर्न समेत थप स्रोत व्यवस्थापन गर्नुपर्ने देखिएको छ। अतः विनियोजन ऐन, २०७९ बमोजिम चालू आर्थिक वर्षको बजेटमा समावेश गरिएका कतिपय शीर्षकको खर्च कटौती तथा केही कार्यक्रम हाललाई स्थगित गर्नुपर्ने अवस्था रहेको छ।

वर्तमान मन्त्रिपरिषद्को पहिलो बैठकबाट भएको सार्वजनिक खर्चमा मितव्ययीता कायम गर्ने निर्णय समेतको आधारमा आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २१(१) मा भएको व्यवस्था बमोजिम संघीय संचित कोष माथि व्ययभार हुने रकम बाहेक तहाँ मन्त्रालय/निकायको स्वीकृत बजेटको देहायका खर्च शीर्षकमा विनियोजित बजेट मध्ये २०७९ माघ १७ गते सम्म दायित्व सृजना भइसकेको र बोलपत्र आव्हान भइसकेको बाहेक बाँकी रहेको बजेट तत्काल लागू हुने गरी मिति २०७९/१०/१७ को (माननीय उपप्रधानमन्त्री तथा अर्थमन्त्रीस्तरीय) निर्णयानुसार खर्च कटौती तथा रोक्का गरिएको हुँदा सो बमोजिम गर्ने व्यवस्थाको लागि सादर अनुरोध छ। साथै, विगतमा झैं यस कार्यमा पनि यहाँको साथ र सहयोग प्राप्त हुने विश्वास लिएको छु।

नेपाल सरकार

# अर्थ मन्त्रालय

सिंहदरबार, काठमाडौं
नेपाल ।

पत्र संख्याः-

च. नं.:-

१. संघीय सरकारको सबै मन्त्रालय/निकायको स्वीकृत बजेटको देहायका खर्च शीर्षकमा विनियोजित बजेटमा खर्च भई बाँकी रहेको (दायित्व सिर्जना भइसकेको बाहेक) बजेट तत्काल लागू हुने गरी २० प्रतिशत कटौती गरी तदनुरुप LMBIS मा प्रविष्टी संशोधन गर्ने साथै आवश्यकतानुसार कट्टा गरिएका शीर्षकमा भएको शुरु विनियोजन र स्वीकृत कार्यक्रम/क्रियाकलापको परिमाण र तदनुरुपको रकमको समायोजन प्रस्ताव सम्बन्धित मन्त्रालयले तयार गरी अर्थ मन्त्रालयमा पेश गर्ने।

| ख.सं.नं. | खर्च शीर्षक | ख.सं.नं. | खर्च शीर्षक |
|---|---|---|---|
| २११३९ | अन्य भत्ता | २२५११ | कर्मचारी तालिम खर्च (तालिम केन्द्र र प्रतिष्ठानबाट सञ्चालन हुने बाहेक मात्र) |
| २२२११ | इन्धन (पदाधिकारी) | २२५१२ | सीप विकास तथा जनचेतना तालिम तथा गोष्ठी सम्बन्धी खर्च |
| २२२१२ | इन्धन (कार्यालय प्रयोजन) | २२५२१ | उत्पादन सामग्री / सेवा खर्च |
| २२२१३ | सवारी साधन मर्मत खर्च | २२५२२ | कार्यक्रम खर्च |
| २२२२१ | मेशिनरी तथा औजार मर्मत सम्भार तथा सञ्चालन खर्च | २२५२९ | विविध कार्यक्रम खर्च |
| २२२३१ | निर्मित सार्वजनिक सम्पत्तिको मर्मत सम्भार खर्च | २२६११ | अनुगमन, मूल्यांकन खर्च |
| २२२९१ | अन्य सम्पत्तिहरूको संचालन तथा सम्भार खर्च | २२६१२ | भ्रमण खर्च |
| २२३११ | मसलन्द तथा कार्यालय सामाग्री | २२६१९ | अन्य भ्रमण खर्च |
| २२३१४ | इन्धन - अन्य प्रयोजन | २२७११ | विविध खर्च |
| २२३१५ | पत्रपत्रिका, छपाई तथा सूचना प्रकाशन खर्च | ३११२२ | मेशिनरी तथा औजार |
| २२३१९ | अन्य कार्यालय संचालन खर्च | ३११२३ | फर्निचर तथा फिक्चर्स |
| २२४११ | सेवा र परामर्श खर्च | ३११३५ | पुँजीगत परामर्श |
| २२४१२ | सूचना प्रणाली तथा सफ्टवेयर संचालन खर्च | ३११६१ | निर्मित भवनको संरचनात्मक सुधार खर्च |
| | | ३११७१ | पुँजीगत सुधार खर्च सार्वजनिक निर्माण |

२. चालु आर्थिक वर्षका लागि स्वीकृत बजेट तथा कार्यक्रम भित्र परेका तर खरीद प्रक्रिया प्रारम्भ भईनसकेका आयोजना तथा कार्यक्रम (पूर्व सहमति प्रदान गरिएका एवम् क्रमागत आयोजना तथा कार्यक्रम बाहेक) को हकमा अर्थ मन्त्रालयको पूर्व स्वीकृति/सहमतिमा मात्र खरीद प्रक्रिया अगाडि बढाउने।

टेलिफोन नं.:- बजेट म. ४२११८०१, प्रशासन म. ४२११३४८, ४२११३००, राजस्व व्य.म. ४२११८६७, अ.आ.स.स.म. ४२११८३७
[illegible], विश्लेषण तथा सं.स.म. ४२११९९३, वि.सं.स.म. ४२११३१६
फ्याक्स नं. ४२११११६४, ४२११३४८ (बजेट म.), ४२१११६५, (अ.आ.स.स.म.)
ईमेल : admindivision@mof.gov.np, वेब साईट: www.mof.gov.np

नेपाल सरकार
# अर्थ मन्त्रालय

सिंहदरबार, काठमाडौं
नेपाल।

पत्र संख्या:-
च. नं.:-

३. अर्थ मन्त्रालयको पूर्व स्वीकृति विना कुनै प्रकारको नयाँ दरवन्दी सिर्जना हुने गरी संगठन तथा व्यवस्थापन सर्वेक्षण (O&M) नगर्ने, नयाँ दरवन्दी थप नगर्ने। दरवन्दी भन्दा बढि कर्मचारी कुनै पनि निकायमा नखटाउने र खटाउनै पर्ने भएमा अस्थायी दरवन्दी स्वीकृत गरी मात्र गर्ने। चालु आर्थिक वर्षमा कुनै पनि थप नयाँ संगठन स्थापना नगर्ने।

४. नेपाल सरकारको स्रोत तर्फका सबै प्रकारका गोष्ठी, सेमिनार र कार्यशाला हाललाई स्थगन गर्ने।

५. फर्निचर र नयाँ सवारी साधन खरीद शीर्षकमा विनियोजित रकम खर्च नगर्ने गरी हाललाई रोक्का राख्ने।

६. नेपाल सरकारको स्रोतमा नेपाल सरकारको प्रतिनिधित्व गरी अनिवार्य रुपमा सहभागी हुने कार्यक्रमका लागि वैदेशिक भ्रमण गर्नुपर्दा अर्थ मन्त्रालयको स्वीकृति अनिवार्य रुपमा लिने।

७. अर्थ मन्त्रालयको सहमति नलिई कुनै निकाय र स्तरवाट थप दायित्व पर्ने कुनै निर्णय नगर्ने।

८. चालु आर्थिक वर्षका लागि चालु खर्च तर्फ स्वीकृत बजेट तथा कार्यक्रम भित्र परेका कार्यक्रमको परिमाण र लक्ष्य कम हुने गरी नेपाल सरकारको स्रोत तर्फ हाललाई रकमान्तर नगर्ने।

९. सामान्यतया आर्थिक सहायता प्रदान नगर्ने। गर्नैपर्ने अवस्था सिर्जना भएमा स्वीकृत मापदण्ड बमोजिम अर्थ मन्त्रालयको पूर्व सहमति लिने।

१०. नेपाल सरकारको स्रोतमा विनियोजित खर्च संकेत नं. ३११६१ (निर्मित भवनको संरचनात्मक सुधार खर्च) र ३११७१ (पुँजीगत सुधार खर्च सार्वजनिक निर्माण) को हाललाई स्थगन/रोक्का गर्ने।

११. खर्च संकेत नं. २२५२२ (कार्यक्रम खर्च) र २२५२९ (विविध कार्यक्रम खर्च) अन्तर्गत विनियोजन भएका तर शुरुवात नभएका कार्यक्रम रोक्का गर्ने।

१२. चालु आर्थिक वर्षमा नै भुक्तानी दिने गरी थप दायित्व सिर्जना नगर्ने।

१३. माथि उल्लेखित निर्णय सबै विश्वविद्यालय, प्रतिष्ठान, समिति, नियामक निकाय, बोर्ड लगायत सबै सार्वजनिक संस्थानमा समेत लागू हुने।

(तोयम राय)
सचिव

श्री सबै मन्त्रालय/आयोग/सचिवालय/कार्यालय।

टेलिफोन नं.:- बजेट म. ४२११८०१, प्रशासन म. ४२११७४८, ४२११३००, राजस्व व्य.म. ४२११८६७, अ.आ.स.स.म. ४२११८३७
म.नि.वि.म. ४२११८२६, योजना, अनुगमन तथा मु.न. ४२००५३७, कानून तथा फैसला का.म. ४२११८१३, वि.क्षे.व्य. तथा सं.स.म. ४२११९९३, वि.सं.स.म. ४२११३१६
फ्याक्स नं. ४२११६४, ४२११३४८ (बजेट म.), ४२१११६५, (अ.आ.स.स.म.)
ईमेल : admindivision@mof.gov.np, वेब साईट: www.mof.gov.np

Scanned with CamScanner

नेपाल सरकार
# अर्थ मन्त्रालय

सिंहदरबार, काठमाडौं
नेपाल ।

पत्र संख्या:-
च. नं.:-

## प्रेस विज्ञप्ति

कोभिड-१९ को प्रभाव, युक्रेन-रसियाको युद्ध तथा अन्य विविध कारणबाट विश्वव्यापी रुपमा आपूर्ति श्रृङ्खलामा परेको प्रतिकुल प्रभाव र बाह्य क्षेत्रमा परेको चाप व्यवस्थापन गर्न केही वस्तुको पैठारीमा गरिएको पूर्ण बन्देजको निर्णय पश्चात् देशभित्रको आर्थिक गतिविधिमा संकुचन हुन गएको समेतका कारण चालु आर्थिक वर्षमा लक्ष्य अनुसार राजस्व असुली नभएको, बजेटरी सहायता समयमा प्राप्त नभएको, राष्ट्रसेवकको तलव, निवृत्तभरण र सामाजिक सुरक्षा, रासायनिक मल आपूर्ति र विपद व्यवस्थापनका लागि बढ्न गएको व्ययभार लगायतका कारणले चालु खर्चको भार बढेको, आन्तरिक ऋणको व्याजदर बढ्नुका साथै नेपाली मुद्रा अमेरिकी डलरसंग कमजोर हुँदा वैदेशिक ऋणको साँवा तथा व्याज भुक्तानी गर्न विनियोजन गरिएको रकम अपर्याप्त हुन गएकोले नेपाल सरकारको स्रोतमा चाप परेको छ। चालु आर्थिक वर्षको संघीय सञ्चित कोष हाल करिव रु.९० अर्ब ऋणात्मक रहेको छ।

प्रस्तुत सन्दर्भमा खर्चलाई पुनःप्राथमिकीकरण गरी राष्ट्रिय गौरव र रुपान्तरणकारी आयोजना तथा रोजगारी श्रृजनामा महत्वपूर्ण योगदान गर्ने आयोजना तथा कार्यक्रम लगायतका अत्यावश्यक कार्यका लागि स्रोतको व्यवस्थापन गर्न आवश्यक देखिएको छ। चालु आर्थिक वर्षमा राजस्व संकलन कम हुँदा प्रदेश तथा स्थानीय तहको अनिवार्य दायित्वको व्यवस्थापन गर्न समेत थप स्रोत व्यवस्थापन गर्नुपर्ने देखिएको छ।

वर्तमान मन्त्रिपरिषद्को पहिलो बैठकबाट भएको सार्वजनिक खर्चमा मितव्ययीता कायम गर्ने निर्णय समेतको आधारमा आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २१(१) मा भएको व्यवस्था बमोजिम संघीय संचित कोष माथि व्ययभार हुने रकम वाहेक अन्य विनियोजित रकममा सरकारी खर्चमा मितव्ययिता कायम गरी सरकारको वित्त सन्तुलन (fiscal balance) कायम राख्न अर्थ मन्त्रालयले देहाय बमोजिम गर्ने निर्णय गरेको छ।

१ संघीय सरकारको सबै मन्त्रालय/निकायको स्वीकृत बजेटको इन्धन, मर्मत सम्भार, मसलन्द तथा कार्यालय सामग्री, पत्रपत्रिका, छपाई तथा सूचना प्रकाशन, सेवा र परामर्श, सूचना प्रणाली तथा सफ्टवेयर संचालन खर्च, भ्रमण, अन्य भत्ता, कार्यक्रम खर्च, अनुगमन मुल्यांकन खर्च, कर्मचारी तालिम, गोष्ठी, सेमिनार र कार्यशाला, विविध खर्च, मेशिनरी तथा औजार, फर्निचर तथा फिक्चर्स, निर्मित भवनको संरचनात्मक सुधार तथा पुँजीगत सुधार खर्च लगायतका खर्च शीर्षकमा विनियोजित बजेटमा खर्च भई बाँकी रहेको मध्ये (दायित्व सिर्जना भइसकेको वाहेक) बजेट तत्काल लागू हुने गरी २० प्रतिशत कटौती गर्ने।

२ चालु आर्थिक वर्षका लागि स्वीकृत बजेट तथा कार्यक्रम भित्र परेका तर खरीद प्रक्रिया प्रारम्भ भईनसकेका आयोजना तथा कार्यक्रम (पूर्व सहमति प्रदान गरिएका एवम् क्रमागत आयोजना तथा कार्यक्रम वाहेक) को हकमा अर्थ मन्त्रालयको पूर्व स्वीकृति/सहमतिमा मात्र खरीद प्रक्रिया अगाडि बढाउने।

टेलिफोन नं.:- बजेट म. ४२११८०१, प्रशासन म. ४२११७४८, ४२११३००, राजस्व व्य.म. ४२११८६७, अ.आ.स.स.म. ४२११८३७
आ.लि.वि.म. ४२११८२६, योजना, अनुगमन तथा मू.म. ४२००५३७, कानून तथा फैसला का.म. ४२११८१३, वि.क्षे.व्य. तथा स.स.म. ४२११९९३, वि.ह.म. ४२११३१६
फ्याक्स नं. ४२११६६४, ४२११३४८ (बजेट म.), ४२११६६५, (अ.आ.स.स.म.)
ईमेल : admindivision@mof.gov.np, वेब साईट: www.mof.gov.np

नेपाल सरकार

# अर्थ मन्त्रालय

सिंहदरबार, काठमाडौं
नेपाल।

पत्र सख्याः-

च. नं.:-

३ अर्थ मन्त्रालयको पूर्व स्वीकृति विना कुनै प्रकारको नयाँ दरबन्दी सिर्जना हुने गरी संगठन तथा व्यवस्थापन सर्वेक्षण (O&M) नगर्ने, नयाँ दरबन्दी थप नगर्ने। दरबन्दी भन्दा बढि कर्मचारी कुनै पनि निकायमा नखटाउने र खटाउनै पर्ने भएमा अस्थायी दरबन्दी स्वीकृत गरी मात्र गर्ने। चालु आर्थिक वर्षमा कुनै पनि थप नयाँ संगठन स्थापना नगर्ने।

४ नेपाल सरकारको स्रोत तर्फका सबै प्रकारका गोष्ठी, सेमिनार र कार्यशाला हाललाई स्थगन गर्ने।

५ फर्निचर र नयाँ सवारी साधन खरीद शीर्षकमा विनियोजित रकम खर्च नगर्ने गरी हाललाई रोक्का राख्ने।

६ नेपाल सरकारको स्रोतमा नेपाल सरकारको प्रतिनिधित्व गरी अनिवार्य रुपमा सहभागी हुने कार्यक्रमका लागि वैदेशिक भ्रमण गर्नुपर्दा अर्थ मन्त्रालयको स्वीकृति अनिवार्य रुपमा लिने।

७ अर्थ मन्त्रालयको सहमति नलिई कुनै निकाय र स्तरबाट थप दायित्व पर्ने कुनै निर्णय नगर्ने।

८ चालु आर्थिक वर्षका लागि चालु खर्च तर्फ स्वीकृत बजेट तथा कार्यक्रम भित्र परेका कार्यक्रमको परिमाण र लक्ष्य कम हुने गरी नेपाल सरकारको स्रोत तर्फ हाललाई रकमान्तर नगर्ने।

९ सामान्यतया आर्थिक सहायता प्रदान नगर्ने। गर्नैपर्ने अवस्था सिर्जना भएमा स्वीकृत मापदण्ड बमोजिम अर्थ मन्त्रालयको पूर्व सहमति लिने।

१० नेपाल सरकारको स्रोतमा विनियोजित निर्मित भवनको संरचनात्मक सुधार खर्च र पूँजीगत सुधार खर्च हाललाई स्थगन/रोक्का गर्ने।

११ कार्यक्रम खर्च अन्तर्गत विनियोजन भएका तर शुरुवात नभएका कार्यक्रम रोक्का गर्ने।

१२ चालु आर्थिक वर्षमा नै भुक्तानी दिने गरी थप दायित्व सिर्जना नगर्ने।

१३ माथि उल्लेखित निर्णय सबै विश्वविद्यालय, प्रतिष्ठान, समिति, नियामक निकाय, वोर्ड लगायत सबै सार्वजनिक संस्थानमा समेत लागू हुने।

१४ चालु तर्फको खर्चमा अनिवार्य दायित्व वाहेक न्यूनतम २० प्रतिशत कटौती गर्न प्रदेश सरकार र स्थानीय तहहरुलाई पनि अनुरोध गर्ने।

आनन्द काफ्ले
सहसचिव/प्रवक्ता

२०७९ माघ १७ गते मंगलबार